त्रिभुवन विश्वविद्यालय

# शिक्षाशास्त्र संकाय

## परीक्षा नियन्त्रण महाशाखा

बल्खु, काठमाडौं, नेपाल

शिक्षा शास्त्र संकाय डीनको कार्यालय परीक्षा नियन्त्रण महाशाखा बल्खु

मितिः २०८२।०३।०३

## स्नातकोत्तर तह तेस्रो सत्रान्त (M.Ed. and MSSEd 3rd Semester) को परीक्षा फाराम भर्ने/भराउने म्याद थप गरिएको सम्बन्धी सूचना

यही २०८२ साल श्रावण महिनामा सञ्चालन हुने शिक्षाशास्त्र सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर तह (M.Ed. and MSSEd) तेस्रो सेमेस्टर (खुल्ला तथा दूर सिकाइ समेत) को नियमित तथा आंशिक/मौका परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरू परीक्षा आवेदन फारम भौतिक तथा अनलाइन (Online) मार्फत भर्ने/भराउने म्याद यही **२०८२ साल असार १० गतेसम्म** थप गरिएको हुँदा सम्बन्धित सबैलाई सूचित गरिन्छ । तोकिएको समयमा परीक्षा फारम भर्न छूट हुने विद्यार्थीहरुले दोब्बर शुल्कमा **मिति २०८२ असार ११ गतेदेखि १५ गतेसम्म** परीक्षा फारम भर्न सक्नेछन् । सबै सम्बन्धित क्याम्पसहरुले आवेदन फारमवापत संकलित शुल्क एकल शुल्कको हकमा **२०८२ साल असार ११** गतेसम्म तथा दोब्बर शुल्कको हकमा **२०८२ साल असार १६** गतेसम्ममा यस संकायको बैंक खातामा जम्मा गरेको सक्कल भौचरको स्क्यान कपी अप्लोड् गरी आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुले भरेको अनलाइन परीक्षा फारम **२०८२ साल असार १७ गतेसम्ममा** रुजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ ।

**पुनश्चः**

- विद्यार्थीहरुले यस संकायको वेभसाइटः tufoe.edu.np मा गई नियमित तथा आंशिक/मौका परीक्षाका लागि त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फारम भर्न सक्नेछन् ।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक/मौका परीक्षाका लागि फारम शुल्क प्रति विद्यार्थी रु. १५००।- (एक हजार पाँचसय रुपैयाँ) तथा ODL/ICTE/MSSEd को हकमा प्रति विद्यार्थी रु.२५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ । जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ । Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ ।
- क्याम्पस तथा कलेजले सम्बन्धित विद्यार्थीहरुलाई भौतिक परीक्षा फारम समेत भराउनु पर्नेछ । साथै परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक अनलाइन/भौतिक परीक्षा फारममा प्रविष्ट (Entry) गर्नुपर्नेछ । साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको प्रमाणित विवरण, हाजिरी विवरण (न्यूनतम ८०% हाजिर हुनपर्ने) समेत उल्लेख गरी भौतिक परीक्षा फाराम र बैंक भौचर यही २०८२ साल असार २५ गतेभित्र डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ ।
- अनलाइन/भौतिक परीक्षा फारममा विद्यार्थीहरुले पासपोर्ट साइजको स्पष्ट अनुहार देखिने हालसालै खिचेको फोटो अप्लोड्/टाँस गर्नुपर्नेछ । यदि विद्यार्थीले अप्लोड/टाँस गरेको फोटो अस्पष्ट भएमा आवेदन फाराम अस्वीकृत हुनेछ ।
- अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो र स्थानान्तर पत्र (अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा) आदि अपलोड् गर्नुपर्नेछ ।
- यदि परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ ।

डीन